# वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९

**स्वीकृत मितिः २०७९।१२।०१**

**प्रस्तावना**: नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय सम्झौता वमोजिम वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना कार्यान्वयनमा आएको र परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि मार्गदर्शन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार र स्वीस सरकार बीच भएको सम्झौता पत्रको परिच्छेद ८ मा भएको व्यवस्थाबमोजिम परियोजना सल्लाहकार तथा समन्वय समितिको मिति २०७९।१२।०१ को बैठकबाट यो मार्गदर्शन स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मार्गदर्शनको नाम "वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९" रहेको छ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्छ।

(ग) "निर्देशिका" भन्नाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका सम्झनु पर्छ।

(घ) "परियोजना दस्तावेज" भन्नाले परियोजना सञ्चालनका लागि नेपाल सरकार र स्वीस सरकारबीच सम्झौता हुँदा तयार भएको परियोजना दस्तावेजलाई सम्झनु पर्छ।

(ङ) "परियोजना" भन्नाले नेपाल सरकार र स्वीस सरकारबीच सम्झौता भए अनुरुप सञ्चालित वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (Reintegration of Returnee Migrant Workers-ReMi) परियोजना सम्झनु पर्छ।

(च) "पुनःएकिकरण" भन्नाले एक समग्र प्रक्रिया हो जसमार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई उनीहरुको रुचि, सीप, अनुभव र क्षमताका आधारमा रोजगारीमा आबद्ध



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

गराउने, उद्यमशीलताको प्रवर्द्धनमार्फत स्वरोजगार बनाई आयमूलक क्रियाकलापहरू सञ्चालन गर्न सहयोग गर्ने,पारिवारिक तथा सामाजिक मेलमिलाप, मनोसामाजिक परामर्श र नेतृत्व विकास जस्ता कार्यक्रममार्फत समाजमा अन्तर्घुलन गराउने लगायतका कार्यलाई सम्झनु पर्छ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारअन्तर्गतको श्रम तथा रोजगार क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ज) "फर्किएका व्यक्ति" भन्नाले वैदेशिक रोजगारीबाट स्वदेश फर्केका नेपाली नागरिकलाई सम्झनु पर्छ।

(झ) "रोजगार संयोजक" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४५ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(ञ) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय तहमा सञ्चालन भएका केन्द्र सम्झनु पर्छ।

(ट) "वैदेशिक रोजगार" भन्नाले नेपाली नागरिकले विदेशमा पाउने रोजगार सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

(ढ) "एसडीसी" भन्नाले स्वीस सरकार विकास सहयोग सम्झनु पर्छ।

## परिच्छेद-२
## परियोजना सम्बन्धी व्यवस्था

३. **<u>परियोजनाको लक्ष्य</u>**: परियोजनाको लक्ष्य देहाय बमोजिम रहेको छ :-

(क) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई स्वदेशभित्र सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक जीवनमा सक्रिय रूपमा सहभागी गराई पुनः स्थापित गराउने।

(ख) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ का उद्देश्य पूरा गर्न सहयोग गर्ने।

(ग) यस परियोजनाको प्रथम चरणको मुख्य लक्ष्य देहाय बमोजिम हुनेछ:-

| क.स. | आर्थिक वर्ष | वार्षिक मुख्य लक्ष्यहरु |
|---|---|---|
| १ | २०२२/०२३ | आधारभूत सूचना सङ्कलन, परियोजनाको लक्ष्य समायोजन, स्थानीय तहसँग परियोजना सञ्चालनका लागि सहमति पत्रमा |



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) प्रदेश सरकारले आप्रवासन र पुनःएकीकरणको सम्बन्धमा आफ्नो भूमिका र जिम्मेवारी पूरा गरेको हुनेछन्,

(छ) पुनःएकीकरण सम्बन्धी सेवाको लागि संघ, प्रदेश र स्थानीय सरकारले समन्वय गरिरहेको हुनेछन्,

(ज) तीन तहका सरकार र निजी क्षेत्रले पुनःएकीकरण सेवासम्बन्धी भुमिका निर्वाह गर्न साझेदारी गरिरहेको हुनेछन्।

६. **परियोजनाको लक्षित सेवाग्राही:**

(१) यस परियोजनाको मुख्य लक्षित सेवाग्राही देहाय बमोजिम हुनेछन्:-

(क) मूलत: खाडी राष्ट्र र मलेसियावाट स्वदेश फर्केका व्यक्ति तथा तिनका परिवारहरु,

(ख) रोजगारीको क्रममा मूलत: खाडी राष्ट्र र मलेसियामा रहेका श्रमिकका परिवारहरु,

(ग) मूलतः खाडी राष्ट्र र मलेसिया लगायतका मुलुकमा वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका व्यक्तिका परिवारहरु,

(घ) वैदेशिक रोजगारीमा जाने व्यक्ति,

(२) यस परियोजनाका अन्य लक्षित सेवाग्राही देहायबमोजिम हुनेछन्:

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह

(ख) सेवा प्रदायक तथा निजी क्षेत्र

७. **परियोजना सञ्चालन हुने भौगोलिक क्षेत्र तथा स्थानीय तह:** परियोजना दस्तावेजमा उल्लेखित मापदण्डको आधारमा छनौट गरिएका अनुसूची-१ बमोजिमका कोशी प्रदेशका दश र मधेश प्रदेशका दश गरी बीस स्थानीय तहमा परियोजनाका क्रियाकलाप सञ्चालन हुनेछ।

८. **परियोजनाको समयावधि:** नेपाल सरकार र स्वीस सरकारबीच भएको सम्झौतापत्र बमोजिम परियोजना (प्रथम चरण) को समयावधि चार वर्ष (वि.सं. २०७९ श्रावण १ देखि वि.सं. २०८३ आषाढ ३१ सम्म) हुनेछ।

**परिच्छेद-३**

**परियोजना सञ्चालन विधि**

९. **परियोजना सञ्चालन विधि:** (१) मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको व्यवस्थापन तथा समन्वयमा परियोजनाका क्रियाकलापहरु सञ्चालन हुनेछ।

(२) स्थानीय तहले परियोजनाको आवश्यकता अनुसार प्रचलित कानुनको अधिनमा रही कर्मचारी नियुक्त गरी परियोजना सञ्चालन गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम नियुक्त हुने कर्मचारीहको सख्या, पद, तह र न्युनत्तम योग्यता तथा छनौट र नियुक्तिको आधारहरु अनुसूची-२ बमोजिम हुनेछ।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. **प्राविधिक सहयोग:** परियोजना सञ्चालनको लागि देहायबमोजिमको प्राविधिक सहयोग रहनेछ :-

(क) सङ्घ, प्रदेश र स्थानीय तहमा परियोजनाको लागि एसडीसी मार्फत छनौट गरिएको सेवा प्रदायक (हेल्भेटास नेपाल) ले प्राविधिक सहयोग उपलब्ध गराउनेछ,

(ख) सङ्घीय प्रणालीमा तीन तहका सरकारमा पुनःएकीकरण संयन्त्रको स्थापनाका लागि प्राविधिक सहयोगको भूमिका महत्वपूर्ण हुनेछ,

(ग) प्राविधिक सहयोग प्रदायकले विशिष्ट प्राविधिक सहयोगको लागि राष्ट्रिय संघ संस्थाहरूबाट विशेषज्ञ सेवा लिन सक्नेछ,

(घ) प्राविधिक सहयोगका लागि सेवा प्रदायकले आवश्यकता अनुसार संस्थागत विकास र क्रियाकलापहरुको कार्यान्वयनमा सहजीकरणका लागि आवश्यक मानवस्रोत परिचालन गर्न सक्नेछ।

## परिच्छेद-४
## संरचनागत तथा संस्थागत व्यवस्था

११. **परियोजना सल्लाहकार तथा समन्वय समिति:** (१) परियोजनाले लक्षित गरेको क्रियाकलापलाई व्यवस्थित र समन्वयात्मक रूपबाट सञ्चालन गर्नको लागि सङ्घीय स्तरमा देहाय बमोजिमको परियोजना सल्लाहकार तथा समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -अध्यक्ष |
| (ख) | हेड अफ कोअपरेशन, स्वीटजरल्याण्ड दुतावास/एसडीसी | -सहअध्यक्ष |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ङ) | सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव,संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ञ) | सचिव, श्रम तथा रोजगार क्षेत्र हेर्ने प्रदेश मन्त्रालय | -सदस्य |
| (ट) | प्रतिनिधिहरु, गाउँपालिका तथा नगरपालिकाको तर्फबाट (एक/एक जना) | -सदस्य |
| (ठ) | कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड | -सदस्य |
| (ड) | दोश्रो प्रतिनिधि, स्वीटजरल्याण्ड दुतावास/एसडीसी | -सदस्य |



नेपाल सरकार रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(ढ) सहसचिव, प्रशासन महाशाखा, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सङ्घीय मन्त्रालयहरू, प्रदेश र स्थानीय तहबीच परियोजना कार्यान्वयनका लागि समन्वय गर्ने,

(ख) परियोजना कार्यान्वयनको गुणस्तर अभिवृद्धि र सुधारलाई सुनिश्चित गर्ने,

(ग) एकीकृत वार्षिक कार्ययोजना, वार्षिक कार्यसञ्चालन मार्गदर्शन र वित्तीय प्रतिवेदन अनुमोदन गर्ने,

(घ) परियोजना निर्देशक समितिको निर्णय बमोजिम LMBIS मा बजेटको विनियोजन सुनिश्चित गर्ने,

(ङ) परियोजना प्रगतिको समीक्षा गर्ने, अन्तर-मन्त्रालय तथा निकायबीच समन्वय गर्ने,

(च) परियोजना कार्यान्वयनसँग सम्बन्धित नीतिगत तथा अन्य अवरोधहरू हटाउन सहजीकरण गर्ने,

(छ) अन्य कार्यक्रमहरूसँग समन्वय गर्ने।

(३) उपदफा (१) बमोजिम गठित समितिमा परियोजना सहयोग इकाईको टिम लिडरलाई स्थायी आमन्त्रित सदस्यको रूपमा र आवश्यकता अनुसार अन्य प्रतिनिधि र विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षमा कम्तीमा एक पटक वा आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।

१२. <u>परियोजना समन्वय तथा कार्यान्वयन इकाई (Project Coordination and Implementation Unit at Federal level, PCIU-F)</u> : (१) मन्त्रालयमा परियोजना समन्वय तथा कार्यान्वयन इकाई (PCIU-F) को स्थापना हुनेछ।

(२) परियोजना हेर्ने सहसचिवको संयोजकत्वमा देहायबमोजिम परियोजना समन्वय तथा कार्यान्वयन इकाई समिति रहनेछः-

(क) सहसचिव, प्रशासन महाशाखा -संयोजक

(ख) प्रमुख, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा -सदस्य

(ग) प्रमुख, वैदेशिक रोजगार व्यवस्थापन शाखा -सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ङ) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा -सदस्य

(च) निर्देशक, प्रधानमन्त्री रोजगार कार्यक्रम -सदस्य

(छ) निर्देशक, वैदेशिक रोजगार विभाग -सदस्य

(ज) निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय -सदस्य

(झ) प्रतिनिधि, परियोजना सहयोग इकाई, ReMi परियोजना -सदस्य

(ञ) शाखा अधिकृत, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको परियोजना समन्वय तथा कार्यान्वियन एकाईको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकमा अन्य पदाधिकारी एवं विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको परियोजना समन्वय तथा कार्यान्वियन एकाईले देहाय बमोजिमको कार्य गर्नेछ:-

(क) परियोजना दस्तावेजले तोके बमोजिमका सङ्घीयस्तरमा हुने क्रियाकलापहरू कार्यान्वियन गर्ने,

(ख) सङ्घीयस्तरका परियोजना क्रियाकलाप सञ्चालनका लागि समन्वय गर्ने,

(ग) सङ्घीयस्तरका क्रियाकलापहरूमा छुट्याइएको रकम खर्च र अनुगमन गर्ने,

(घ) परियोजना सल्लाहकार एवम् समन्वय समितिको सचिवालयको व्यवस्थापन गर्ने,

(ङ) परियोजनाका क्रियाकलापहरूको वार्षिकरुपमा भौतिक र आर्थिक प्रतिवेदनहरू सुनिश्चत गर्ने,

(च) प्रदेश र स्थानीय तहबाट वार्षिक कार्यक्रम, बजेट र आवधिक प्रगति प्रतिवेदन सङ्कलन गरि समग्र प्रतिवेदन तयार गर्ने,

(छ) मन्त्रालयको बजेट सूचना प्रणाली (LMBIS) मा बजेट सुनिश्चित गर्नका लागि सम्बन्धित मामिला सम्बद्ध मन्त्रालयहरूसँग समन्वय गर्ने ।

**१३.** **<u>परियोजना निर्देशक समिति (Project Streeing Committee) प्रदेश तह</u>** : (१) प्रदेश तहको कार्यलाई समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको प्रदेश स्तरीय परियोजना निर्देशक समिति रहनेछः-

(क) माननीय मन्त्री, श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) हेड अफ कोअपरेशन वा प्रतिनिधि, स्वीटजरल्याण्ड दुतावास/एसडीसी -सहअध्यक्ष

(ग) सचिव, प्रदेशको श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालयको योजना तथा प्रशासन महाशाखा -सदस्य

(ङ) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकार -सदस्य

(च) प्रतिनिधि, प्रादेशिक योजना/नीति आयोग, प्रदेश सरकार -सदस्य

(छ) प्रतिनिधि, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु -सदस्य

(ज) प्रतिनिधि, गाउँपालिका तथा नगरपालिकाहरुका तर्फवाट (एक/एक) जना -सदस्य

(झ) प्रतिनिधि, एसडीसी -सदस्य



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ञ) प्रदेश मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य-सचिव

(ट) प्रतिनिधि, परियोजना समन्वय तथा कार्यान्वयन एकाई संघीय प्रवन्धक वा निजको प्रतिनिधी -स्थायी आमन्त्रित सदस्य

(ठ) प्रतिनिधि, टोलीनेता, परियोजना सहयोग एकाई -स्थायी आमन्त्रित सदस्य

(ड) प्रतिनिधि, प्रदेश संयोजक, परियोजना सहयोग एकाई -स्थायी आमन्त्रित सदस्य

(२) परियोजना निर्देशक समितिले विषयविज्ञ र परियोजनासँग सम्बन्धित अन्य व्यक्तिलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) परियोजना निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षमा कम्तीमा एकपटक र आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको परियोजना निर्देशक समितिको काम, कर्तव्त र अधिकार देहायबमोजिम हुनेछः-

(क) वार्षिक योजना तथा कार्यक्रमको प्रगतिको समीक्षा र मूल्याङ्कन गर्ने,

(ख) प्रदेशस्तरीय परियोजना समन्वय तथा कार्यान्वयन इकाई, स्थानीयतह र परियोजना सहयोग इकाईलाई रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

(ग) परियोजनाको प्रगतिमा आधारित रणनीतिक अभिमुखीकरण तालिम प्रदान गर्ने र परियोजना कार्यान्वयनका बाधा/अड्चनहरू हटाउनु,

(घ) प्रादेशिक वार्षिक कार्ययोजना र वार्षिक प्रगति प्रतिवेदन अनुमोदन गर्ने,

(ङ) परियोजना सल्लाहकार तथा समन्वय समितिबाट गरिएको निर्णयहरुको कार्यान्वयन गर्ने,

(च) अन्य परियोजनाहरूबीच समन्वय एवम मार्गदर्शन प्रदान गर्ने,

(छ) परियोजनाको सिकाइ आदान प्रदान र प्रचारप्रसार गर्ने।

१४. **<u>प्रदेशस्तरीय परियोजना समन्वय तथा कार्यान्वयन समिति</u>** : (१) परियोजना क्रियाकलापहरूको समग्र व्यवस्थापनका लागि प्रदेशस्तरमा प्रदेश मन्त्रालयका सचिवको अध्यक्षतामा निजले तोके बमोजिमका सदस्यहरु रहने गरी परियोजना समन्वय तथा कार्यान्वयन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुनःएकीकरण क्रियाकलापहरूको प्रभावकारी समन्वय गर्ने,

(ख) प्रदेश परियोजना सहयोग एकाईका सदस्यहरूलाई जिम्मेवारी दिने,

(ग) परियोजना निर्देशन समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(३) परियोजना समन्वय तथा कार्यान्वयन समितिको बैठक वर्षको एकपटक र आवश्यकता अनुसार बस्न सक्नेछ।



नेपाल सरकार ... तथा सामाजिक ... मन्त्रालय सिंहदरबार, काठमाडौं

१५. **<u>प्रदेशस्तरीय परियोजना समन्वय तथा कार्यान्वयन एकाईः</u>** (१) प्रदेशमा श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालयको सचिवद्वारा तोकिएको सम्बन्धित महाशाखा प्रमुखले प्रदेशस्तरीय परियोजना समन्वय तथा कार्यान्वयन इकाईको नेतृत्व गर्नेछ।

(२) प्रदेशस्तरीय परियोजना समन्वय तथा कार्यान्वयन इकाईको काम, कर्तव्त र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) परियोजनाका क्रियाकलापहरू कार्यान्वयन गर्ने, बजेटको व्यवस्थापन गर्ने र अन्य व्यवस्थापकीय कार्यहरु गर्ने,

(ख) परियोजना सम्बन्धी आवधिक प्रतिवेदनहरु तयार गर्ने,

(ग) परियोजनाका क्रियाकलापहरूको कार्यान्वयन र अनुगमन गर्न स्थानीय तहसँग समन्वय गर्ने,

(घ) परियोजना सहयोग एकाईसँग सहकार्य गरी कार्यक्रमको प्रगति र उपलब्धिहरूको अनुगमन गर्ने,

(ङ) परियोजना निर्देशन समितिको लागि सचिवालयको रूपमा कार्य गर्ने।

१६. **<u>परियोजना कार्यान्वयन समितिः</u>** (१) परियोजनाका क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न तथा आवश्यक निर्णय, सहजीकरण र समन्वय कायम गर्नका लागि स्थानीयतहमा देहाय बमोजिमको परियोजना कार्यान्वयन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख/अध्यक्ष, | -अध्यक्ष |
| (ख) | उप प्रमुख / उपाध्यक्ष | -सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (घ) | प्रमुख, सामाजिक विकास समिति | -सदस्य |
| (ङ) | प्रमुख, आर्थिक विकास समिति | -सदस्य |
| (च) | प्रतिनिधि, आप्रवासी सहकारी | -सदस्य |
| (छ) | प्रतिनिधि, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ज) | रोजगार संयोजक | -सदस्य |
| (झ) | सामाजिक विकास अधिकृत, सामाजिक विकास शाखा | -सदस्य-सचिव |
| (ञ) | प्रतिनिधि, प्रदेश संयोजक, परियोजना सहयोग एकाई | -स्थायी आमन्त्रित सदस्य |

(२) परियोजना कार्यान्वयन समितिले सरोकारवाला निकाय तथा संस्था र विषयगत विज्ञलाई आवश्यकता बमोजिम बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) परियोजना कार्यान्वयन समितिको बैठक बर्षको कम्तीमा एकपटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

(४) परियोजना कार्यान्वयन समितिको काम, कर्तव्त र अधिकार देहायबमोजिम हुनेछः-

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) स्थानीयतहमा परियोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्ने,

(ख) कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

१७. **<u>मन्त्रालय र अन्य सम्बद्ध निकायको भूमिका</u>:** (१) मन्त्रालयको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) परियोजनाका क्रियाकलापहरु सञ्चालनका लागि समन्वय गर्ने,

(ख) परियोजना सल्लाहकार एवं समन्वय समितिको सचिवालयको रुपमा काम गर्ने,

(ग) परियोजनाका क्रियाकलापहरूको वार्षिक रुपमा प्रतिवेदन तयार गर्ने,

(घ) वार्षिक कार्यक्रम र बजेट तयारी तथा स्वीकृति सम्बन्धी कार्य गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(२) वैदेशिक रोजगार विभागको भूमिका तथा जिम्मेवारी देहायबमोजिम हुनेछ:-

(क) पुन:एकीकरण कार्यलाई प्रभावकारी बनाउन वैदेशिक रोजगारवाट फर्केका श्रमिकको विस्तृत तथ्याङ्क परियोजनालाई उपलब्ध गराउने,

(ख) वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा वैदेशिक रोजगारवाट फर्केकाहरुको विस्तृत तथ्याङ्क व्यवस्थापन गर्ने,

(ग) फर्किएका श्रमिकको सूचनालाई रोजगार सूचना व्यवस्थापनसम्बन्धी एकीकृत प्रणालीसँग आवद्ध गर्ने।

(३) वैदेशिक रोजगार वोर्डको देहाय बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ:-

(क) फर्केका व्यक्तिलाई पुन:एकीकरण प्रक्रियामा सहयोग गर्न नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ख) समस्यामा परी फर्केका महिला लक्षित पुन:एकीकरण कार्यक्रम सञ्चालन गर्न उनीहरुसँग भएको सीप र ज्ञान उपयोग हुने गरी आवश्यक योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न समन्वय गर्ने।

(४) प्रदेश मन्त्रालयको भूमिका तथा जिम्मेवारी देहाय बमोजिमको हुनेछ:-

(क) फर्किएका व्यक्तिलाई पुन:एकीकरण गर्नका लागि प्रदेशको श्रम तथा रोजगार नीतिमा समावेश गर्ने,

(ख) प्रदेश सरकारको आवधिक/वार्षिक नीति, तथा कार्यक्रम र बजेटमा फर्केका व्यक्तिको रोजगारीसम्बन्धी कार्यक्रमहरु समावेश गरी स्थानीय तहहरुसँगको सहकार्यमा कार्यान्वयन गर्ने,

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) प्रदेशभित्र सञ्चालित पुनःएकीकरण र रोजगार सम्बन्धी परियोजनाहरुबीच अनुभव एवम् सिकाई आदान प्रदान गर्ने,

(घ) सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि पृष्ठपोषण प्रदान गर्ने,

(ङ) परियोजनाको क्रियाकलापहरुको आवधिक प्रतिवेदन तयार गर्ने।

(५) स्थानीय तहको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) परियोजनाका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) परियोजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति व्यवस्था गरी परियोजना सहयोग इकाईसँगको सहकार्यमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने,

(ग) परियोजनाअन्तर्गत सञ्चालित क्रियाकलापहरुको नियमित अनुगमन गरी सुधार गर्ने,

(घ) परियोजनाको लागि प्राप्त बजेट प्रचलित कानून अनुसार खर्च गर्ने र लेखा परीक्षण गर्ने गराउने,

(ङ) पुनःएकीकरण सम्बन्धी नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने,

(च) वार्षिक तथा आवधिक योजना प्रक्रियामा वैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि रोजगार प्रवर्द्धन विषयलाई प्राथमिकतामा राखी परियोजना तथा बजेट साझेदारी गर्ने,

(छ) रोजगार सेवा केन्द्र मार्फत पुनः एकीकरण सम्बन्धी सेवाहरु प्रदान गर्ने,

(ज) परियोजनाका क्रियाकलापहरुको आवधिक प्रतिवेदन तयार गर्ने।

(६) एसडीसीको भूमिका तथा जिम्मेवारी देहायबमोजिमको हुनेछः-

(क) परियोजना कार्यान्वयनलाई सहयोग गर्ने र अन्य सान्दर्भिक परियोजनाहरूको रेमी परियोजनासँग समन्वय तथा सिकाई आदानप्रदान गर्ने,

(ख) अन्तर्राष्ट्रिय मान्यताप्राप्त स्वतन्त्र सेवा प्रदायक संस्थाबाट परामर्श सेवा खरिद गरी अनुगमन, मूल्याङ्कन र परियोजनाको सिकाई सम्बन्धी प्रतिवेदन प्राप्त गर्ने,

(ग) परियोजना कार्यान्वयन सम्बद्ध निकायहरु र अन्य सरोकारवालासँग परामर्श र समन्वय गर्ने,

(घ) परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि समयमा बजेट उपलब्ध गराउने।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(७) परियोजना सहयोग इकाईको भूमिका तथा जिम्मेवारी देहायबमोजिम हुनेछः -

(क) परियोजनाको प्रभावकारी कार्यान्वियनका लागि योजना, व्यवस्थापन,समन्वय र अनुगमनको लागि सहयोग गर्ने,

(ख) परियोजनाका क्रियाकलापहरू कार्यान्वयन गर्ने समग्र व्यवस्थापन र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) परियोजना सहयोग इकाईका कर्मचारीहरूले तीनै (सङ्घ, प्रदेश र स्थानीय) तहका सरकारी निकायसँग समन्वय गरी काम गर्ने,

(घ) मन्त्रालयमा परियोजनाको लागि तोकिएको सम्पर्क व्यक्तिसँग निरन्तर समन्वय गर्ने,

(ङ) परियोजना दस्तावेज बमोजिम परियोजनासँग सम्बन्धित मानव र वित्तीय स्रोतहरूको व्यवस्थापन गर्ने।

(८) प्रदेश परियोजना सहयोग इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिमको हुनेछः-

(क) प्रादेशिक र स्थानीय तहमा परियोजना कार्यान्वयका लागि प्राविधिक सहयोग प्रदान गर्ने,

(ख) प्रादेशिक र स्थानीय तहमा पुनःएकीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालनको लागि प्रभावकारी समन्वय गर्ने।

१८. **<u>राष्ट्रिय साझेदार संस्थाहरुः</u>** (१) परियोजना सहयोग इकाईले व्यावसायिक सेवा, वित्तीय सेवा, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा, आम संचार, क्षमता अभिवृद्धि र अध्ययन तथा अनुसन्धान गर्ने राष्ट्रिय साझेदार संस्था तथा परामर्शदाता मार्फत सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट गरिएका साझेदार संस्था तथा परामर्शदाताको भूमिका तथा जिम्मेवारी देहाय बमोजिमको हुनेछः-

(क) परियोजना सहयोग इकाईलाई आवश्यकता अनुसारको विशेषज्ञता सेवा उपलब्ध गराउने,

(ख) परियोजना सञ्चालनको लागि पाठ्यक्रम र अन्य आवश्यक विवरणहरु उपलब्ध गराउने,

(ग) कर्मचारीको क्षमता अभिवृद्धिको योजना बनाउने र तालिम सामग्रीहरु तयार गर्ने,

(घ) परियोजनामा संलग्न जनशक्तिको तोकिएअनुसारको क्षमता अभिवृद्धिका लागि तालिम तथा अनुशिक्षणको व्यवस्था गर्ने,

(ङ) परियोजना कर्मचारीहरुको कामको मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्ने,

(च) पुनःएकीकरण सम्बन्धी सेवाहरुलाई दिगो रुपमा सञ्चालनको लागि विज्ञ सेवा उपलब्ध गराउने,

(छ) सम्झौताअनुसार प्रतिवेदन तयार गरी परियोजना सहयोग इकाईलाई उपलब्ध गराउने।



नेपाल सरकार
... तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) राष्ट्रिय साझेदार संस्था र परामर्शदाताको अन्य जिम्मेवारीहरु परियोजना सहयोग इकाईसँग भएको सम्झौता बमोजिम हुनेछ।

१९. **<u>आप्रवासी हकहित सञ्जालसँगको समन्वय र सहकार्य</u>:** (१) परियोजनाले आप्रवासी हकहित सञ्जालसँग देहाय बमोजिम सहकार्य गर्न सक्नेछः-

(क) वैदेशिक रोजगारमा कार्यरत श्रमिकका परिवारका सदस्य तथा फर्किएका श्रमिकको सक्रियता तथा उनीहरुको नेतृत्वमा स्थानीय तहमा गठित सञ्जालहरुको क्षमता विकास गर्ने,

(ख) परियोजना सञ्चालन भएको स्थानीय तहमा सञ्जाल नभएको खण्डमा नयाँ गठन गर्न वातावरण तयार गर्ने र यस्ता सञ्जालहरुको पनि क्षमता विकास कार्यमा सहजीकरण गर्ने,

(ग) उपदफा (क) र (ख) बमोजिमको सञ्जाललाई सम्बन्धित स्थानीय तहमा नियमानुसार अभिलेखीकरण गर्ने,

(घ) फर्किएका श्रमिकहरुको सुचना सङ्कलन गर्ने,

(ङ) पुनःएकीरणको कार्यलाई व्यवस्थित गर्नका लागि स्थानीय तहको नीति, योजना तथा कार्यक्रम बनाउन सहयोग तथा सहजीकरण गर्ने।

२०. **<u>स्थानीय सहकारी संस्था</u>:** (१) परियोजनाले वैदेशिक रोजगारमा रहेका वा स्वदेश फिर्ता आएका व्यक्ति एवम् परिवारहरुलाई बचत गर्ने बानीको विकास गरी आयआर्जनमा सहयोग गर्न तथा रोजगारी सिर्जना गर्न स्थानीयस्तरमा रहेका सहकारी संस्थासँग सहकार्य गर्न सक्नेछ।

२१. **<u>रोजगार सेवा केन्द्र</u> :** (१) रोजगार सेवा केन्द्रका कार्यहरु देहाय बमोजिमको हुनेछः-

(क) पुनःएकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न सहयोग गर्ने,

(ख) फर्किएका श्रमिकको सूचीकरण गर्ने,

(ग) फर्किएका श्रमिकको लागि उपलब्ध रोजगारीका अवसरहरु, सीप तालिमहरू, व्यवसाय विकास सेवा र मनोसामाजिक परामर्श प्रदान गर्न समन्वय र सहकार्य गर्ने,

(घ) सुरक्षित आप्रवासन कार्यक्रम साथै रोजगार र आय क्षेत्रका अन्य परियोजनाहरूसँग समन्वय गरी पुनःएकीकरण सम्बन्धी सहयोग प्राप्त गर्ने,

(ङ) आप्रवासी स्रोत केन्द्रहरुसँग सहकार्य गर्ने,

(च) फर्किएका श्रमिकहरुलाई पुनःएकीकरण गर्नका लागि सहजीकरण गर्ने,

(छ) वित्तीय पहुँचका लागि बैंक तथा वित्तीय संस्थाहरु मार्फत स्वरोजगारीका लागि सहुलियत कर्जा उपलब्ध गराउने,



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ज) वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) तोकिएबमोजिम अन्य कार्यक्रमहरु सञ्चालन गर्ने।

## परिच्छेद-५

## परियोजनाका प्रमुख क्रियाकलाप

२२. **परियोजनाका क्रियाकलाप** : (१) यस परियोजना अन्तर्गतका मुख्य क्रियाकलापहरू देहाय बमोजिम हुनेछन्:-

(क) सामाजिक पुन:एकीकरण,

(ख) आर्थिक पुन:एकीकरण,

(ग) पुन:एकीकरण संयन्त्र एवम् प्रणालीको विकास।

(२) उपदफा (१) बमोजिमको क्रियाकलापको अतिरिक्त देहायका सहायक क्रियाकलापहरु हुनेछन्:-

(क) रोजगार सेवा केन्द्रहरुको पुन:एकीकरणमा क्षमता विकास,

(ख) आप्रवासी श्रमिकहरुको परिवारका लागि स्वदेश फिर्ता र पुन:एकीकरण योजना तर्जुमा,

(ग) मनोसामाजिक परामर्शको लागि सामाजिक सहयोग सेवाहरु तथा रिफरल सेवा,

(घ) रोजगारका अवसरहरु, सेवाकालीन तालिम र सीप विकास तालिम सम्बन्धी रोजगार परामर्श सेवाहरु तथा रिफरल सेवा,

(ङ) उद्यम विकास सहयोग एवं वित्तीय पहुँच तथा रिफरल सेवा,

(च) आप्रवासी सहकारी, सङ्घ संस्था र सञ्जालहरुको क्षमता विकास साथै वैदेशिक रोजगारमा रहेका श्रमिकका परिवार तथा फर्किएका श्रमिकको सञ्जाल निर्माण सम्बन्धी कार्य,

(छ) महिला पुरुष समविकास र सामाजिक समावेशीकरण सम्बन्धी कार्य,

(ज) सशक्तीकरण र नेतृत्व विकास सम्बन्धी कार्य,

(झ) समुदायसँगको सहकार्यमा श्रमिकको समस्या समाधानका निम्ति सहजीकरण प्रणालीको विकास सम्बन्धी कार्य,

(ञ) परियोजनाका सेवालाई दिगो रुपमा सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने।

२३. **सामाजिक पुन:एकीकरण:** परियोजना अन्तर्गत गरिने सामाजिक पुन:एकीकरण सम्बन्धी क्रियाकलापहरु देहाय बमोजिम हुनेछ :-

(क) लक्षित वर्ग पहिचान रणनीति तर्जुमा,

(ख) फर्किएका श्रमिकहरु तथा तिनका परिवारलाई उपलब्ध पुन:एकीकरण सेवा सम्बन्धमा सूचना तथा परामर्श र रिफरल सेवा,

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(ग) फर्किएका श्रमिक तथा परिवारको पुनःएकीकरण योजना तर्जुमा, पारिवारिक परामर्शकर्ता र लक्षित समूह परिचालकको परिचालन,

(घ) फर्किएका श्रमिक दम्पती तथा परिवारलाई परामर्श र घटना व्यवस्थापन सेवा,

(ङ) लक्षित आप्रवासी महिला श्रमिक, घाइते र असक्त तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यक सेवा सहयोग।

२४. **आर्थिक पुनःएकीकरणः** परियोजना अन्तर्गत गरिने आर्थिक पुनःएकीकरण सम्वन्धी क्रियाकलापहरु देहाय बमोजिम हुनेछः-

(क) फर्केका आप्रवासी श्रमिकहरुका लागि आर्थिक पुनःएकीकरण गर्नका लागि आवश्यक सेवाहरूको वारेमा जानकारी र परामर्श,

(ख) सेवाकालीन तालिम, ब्रिजिङ कोर्ष र सीप अभिवृद्धि कक्षामा पहुँच र सहजीकरण,

(ग) फर्किएका श्रमिकहरूको स्थानीय श्रम बजारको आवश्यकता बमोजिम सीपमा पहुँच,

(घ) नयाँ व्यवसाय सिर्जनाका लागि व्यवसायिक सोंच तथा सेवामा पहुँच,

(ङ) व्यवसाय विकासका लागि ऋण एवं वित्तीय सेवाहरूमा पहुँच।

२५. **पुनःएकीकरण संयन्त्र एवम् प्रणालीको विकासः** पुनःएकीकरण संयन्त्र एवं प्रणालीको विकास गर्न देहाय बमोजिमको कार्य सञ्चालन गरिनेछः-

(क) पुनःएकीकरण सम्बन्धी नीति, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्न संघ, प्रदेश तथा स्थानीय तहलाई सहयोग गर्ने,

(ख) वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीवाट फर्केका श्रमिकहरुको तथ्याँक व्यवस्थापन गर्न सहयोग गर्ने,

(ग) वैदेशिक रोजगारवाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ को कार्यान्वयन गर्न सहयोग गर्ने,

(घ) पुनःएकीकरण सहयोग कार्यक्रम तर्जुमा गरी वैदेशिक रोजगार बोर्डसँगको सहकार्यमा कार्यान्वयन गर्ने,

(ङ) पुनःएकीकरण लक्षित योजना तर्जुमा, त्यसको कार्यान्वयन र नियमन गर्न सहयोग गर्ने।

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-६
## वित्तीय व्यवस्थापन प्रणाली

२६. **<u>परियोजनाको लागत र समायवधिः</u>** (१) परियोजनाको समयावधि चार बर्ष हुनेछ। यस परियोजनाको कुल बजेट ६.८ मिलियन CHF @122 NPR हुनेछ।

(२) उपदफा (१) अनुसारको परियोजनाको कुल बजेटमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र दाताबाट थप श्रोत साझेदारी हुन सक्नेछ।

२७. **<u>परियोजनाको खर्च र प्रतिवेदन सम्बन्धी व्यवस्था:</u>**(१) कार्यक्रमको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र स्थानीय तहहरुमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को बमोजिम सशर्त अनुदान उपलव्ध गराउनेछ। यसका लागि मन्त्रालयबाट कार्यक्रम सञ्चालन मार्गदर्शन सहित सो आर्थिक बर्षका क्रियाकलापहरुको लक्ष्य निर्धारण गरी पठाउन सक्नेछ।

(२) जिम्मेवार निकायहरुले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार कार्यक्रम कार्यान्वियनका लागि अख्तियारी प्राप्त गर्नेछन्।संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरुबाट हुने परियोजना अन्तर्गतका खर्चहरु नेपाल सरकारको प्रचलित आर्थिक ऐन, कानून, नियमावली र कार्यविधि बमोजिम गरिनेछ।

(३) उपदफा (२) बमोजिम खर्च गर्दा खर्च गर्ने निकायले समग्र वित्तीय अनुशासन कायम गर्ने, कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य प्राप्ति हुने गरी खर्च गर्ने, आर्थिक कार्यविधिले तोकेअनुसार लेखाङ्कन गर्ने, अभिलेखाङ्कन गर्ने र वित्तीय प्रतिवेदन गर्नु गराउनुपर्नेछ।

(४) कार्यक्रम सहयोग इकाई (PSU)ले स्वीट्जरल्याड सरकारको बिदेश मामिलाको सङ्घीय विभाग (Federal Department of Foreign Affairs-FDFA) को नियम अनुसार स्वीट्जरल्याण्ड सरकारको योगदान मार्फत परियोजना व्यवस्थापन गर्नेछ। स्वीट्जरल्याण्ड सरकारको योगदान मार्फत गरिएको प्राविधिक सहायतासँग सम्वन्धित क्रियाकलापका लागि रकम निकासा, खर्च र खर्चको प्रतिवेदन नेपाल सरकार र स्वीस सरकार बीच जुन ८, २०२२ मा भएको सम्झौताको बुँदा नं. १७.३ मा उल्लेख भए अनुसार गरिनेछ।

(५) उपदफा (४) बमोजिम गरिने खर्च व्यवस्थापनका बिषयहरु स्वीट्जरल्याड सरकारको बिदेश मामिलाको सङ्घीय विभाग (Federal Department of Foreign Affairs-FDFA) र प्राविधिक सहायता प्रदायक बीचको सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

(६) मन्त्रालयले परियोजनाको समग्र बजेट खर्चको एकिकृत हिसाव तयार गर्ने र सो को प्रतिवेदन तयार गर्नुपर्नेछ।



सचिव

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(७) परियोजना सहयोग एकाई, प्रदेश सरकार र स्थानीय तहले आफूले गरेको खर्चको वित्तीय प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ। यस्तो वित्तीय प्रतिवेदन प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ बमोजिमको ढाचाँ अनुसार हुनेछ। यसका अतिरिक्त मन्त्रालयले परियोजनासँग सम्वद्ध खर्चको विवरणका लागि थप ढाँचा निर्धारण गरी पठाउन सक्नेछ।

(८) मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालन गरिएका लेखासँग सम्वद्ध सूचना प्रणालीको माध्यमबाट समेत यस्तो वित्तीय प्रतिवेदन प्राप्त गर्नेछ। सोझै भुक्तानी अन्तर्गत भएको खर्चको विवरण परियोजना सहयोग एकाईले मासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(९) परियोजनाको कोष तथा बजेट प्रवाह अनुसूची-३ बमोजिम हुनेछ।

(१०) यस परियोजनाको पुँजीगत बजेटबाट खरीद भएका जिन्सी मालसामानको अभिलेखीकरण सम्बन्धित निकायले प्रचलित आर्थिक कार्यविधि अनुसार गर्नु पर्नेछ।

२८. **<u>लेखापरीक्षण सम्बन्धी व्यवस्था:</u>** (१) परियोजना अन्तर्गत नेपाल सरकारको प्रणाली मार्फत परिचालन हुने सम्पूर्ण बजेट तथा खर्चको अन्तिम (बाह्य) लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(२) परियोजना अन्तर्गत नेपाल सरकारको प्रणाली मार्फत परिचालन हुने सम्पूर्ण बजेट तथा खर्चको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ। प्रदेश सरकार र स्थानीय तहबाट हुने खर्चको आन्तरिक लेखापरीक्षण सोही निकायको आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्था बमोजिम हुनेछ।

(३) परियोजनाको खर्चको अन्तिम (बाह्य) लेखापरीक्षण नेपाल सरकार र स्वीस सरकार बीच जुन ८, २०२२ मा भएको सम्झौताको बुँदा नं. १७.४ मा रहेको प्रावधान अनुसार महालेखा परीक्षकको कार्यालय र नेपालको प्रचलित कानून बमोजिम दर्ता भएको 'क' वर्गको लेखापरीक्षक कम्पनीबाट इन्टोसाई मापदण्ड अनुसार हुनेगरी गरिनेछ।

(४) उपदफा (३) अनुसारको लेखापरीक्षक स्वीट्जरल्याड सरकारको विदेश मामिलाको सङ्घीय विभाग (FDFA) ले नियुक्त गर्नेछ।

(५) उपदफा (३) बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि मन्त्रालयमा प्राप्त भएपछि परियोजना सल्लाहकार तथा समन्वय समितिमा जानकारी गराउनुपर्नेछ। यस्तो प्रतिवेदनको प्रतिलिपि परियोजना सल्लाहकार तथा समन्वय समितिमार्फत महालेखा परीक्षकको कार्यालयलाई उपलव्ध गराउनुपर्नेछ।

नेपाल सरकार रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(६) उपदफा (५) अनुसार प्रतिवेदन प्राप्त भएपछि महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनको प्रतिलिपि स्वीट्जरल्याड सरकारको विदेश मामिलाको सङ्घीय विभागलाई पठाउनु पर्नेछ। लेखापरीक्षण प्रतिवेदनको व्याख्या सम्बन्धमा कुनै विवाद आएमा सम्झौता गर्ने पक्षहरुबीचबाट समाधान गरिनेछ।

(७) उपदफा (१) बमोजिम परियोजनाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि प्रदेश सरकार र स्थानीय तहहरुले मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(८) उपदफा (३) अनुसार सम्पन्न भएको लेखापरीक्षणको प्रतिवेदनको प्रतिलिपि कार्यक्रम सहयोग इकाईले मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(९) उपदफा (१) र (३) मा भएको लेखापरीक्षणको क्रममा उठान भएका विषयवस्तुको जवाफ र लेखापरीक्षकले प्रदान गरेका सुझावको सम्बोधन गर्ने एवं बेरुजु फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित खर्च गर्ने निकायको हुनेछ।

## परिच्छेद-७

## प्रतिवेदन सम्बन्धी व्यवस्था

२९. **<u>प्रदेश सरकार र स्थानीय तहले पेश गर्ने कार्यक्रम प्रतिवेदन</u>** : (१) प्रदेश मन्त्रालय र परियोजना लागू भएका स्थानीय तहले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ बमोजिम र मन्त्रालयले तोकेको ढाँचामा तयार गर्नुपर्नेछ।

(क) उपदफा (१) बमोजिमको (१) मासिक प्रगति प्रतिवेदन प्रत्येक महिना सकिएको ७ दिन भित्र, त्रैमासिक प्रगति प्रतिवेदन प्रत्येक त्रैमासिक सकिएको १५ दिनभित्र, अर्धवार्षिक प्रतिवेदन प्रत्येक अर्धवार्षिक सकिएको १५ दिनभित्र र वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालय र परियोजना सहयोग ईकाईलाई उपलब्ध गराउनु पर्नेछ।

(ख) प्राप्त प्रतिवेदन एकीकृत गरी मन्त्रालय, प्रदेश मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसीमा पेश गर्ने जिम्मेवारी परियोजना सहयोग ईकाईको हुनेछ।

(ग) उपदफा (१) बमोजिमको कार्यक्रमको प्रतिवेदन सङ्कलनको लागि परियोजना सहयोग इकाईले सहजीकरण गर्ने र प्राप्त प्रतिवेदनलाई एकीकृत गरी सारांश प्रतिवेदन तयार गरी आवश्यकता बमोजिम परियोजना सल्लाहकार एवं समन्वय समितिमा छलफलका लागि पेश गर्नुपर्नेछ।

३०. **<u>परियोजना सहयोग इकाइको कार्यक्रम प्रतिवेदन</u>**: (१) परियोजना सहयोग इकाईले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय र स्वीस सरकार विकास सहयोग एसडीसीलाई उपलब्ध गराउनु पर्नेछ।



नेपाल सरकार
श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदनलाई परियोजना सल्लाहकार एवं समन्वय समिति र परियोजना निर्देशन समितिमा छलफलका लागि पेश गरिनेछ।

## परिच्छेद-९
## विविध

३१. **<u>अनुगमन तथा मूल्यांकन</u>:** (१) मन्त्रालयले नियमित तथा आवधिक रुपमा परियोजनाको अनुगमन तथा मूल्यांकन गर्नेछ ।

(२) मन्त्रालयसँगको परामर्शमा एसडीसीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्थासँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताहरूलाई अनुगमन, मूल्याङ्कन र परियोजनाको सिकाई सम्बन्धमा अध्ययन अनुसन्धान गराउन सक्नेछ।

३२. **<u>कार्यक्रमको दिगोपना</u>:** परियोजना अन्तर्गतका सेवाको स्थानीयकरण तथा दिगोपनाको निम्ति तीन तह (सङ्घ, प्रदेश र स्थानीय) बीचको समन्वय र बजेट साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

३३. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>:** यस मार्गदर्शनलाई परिभाषित गर्दा र कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा कार्यक्रमको परियोजना दस्तावेज र प्रचलित कानूनको अधिनमा रही बाधा अड्चन फुकाउने अधिकार मन्त्रालयमा हुनेछ।

३४. **<u>खारेजी र बचाउ</u>:** परियोजना सल्लाहकार तथा समन्वय समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन वा खारेजी गर्न सक्नेछ।

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

परियोजना सञ्चालन हुने स्थानीय तहको सूची

| क.सं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश |
|---|---|---|---|
| १ | जनकपुरधाम उपमहानगरपालिका | धनुषा | मधेश प्रदेश |
| २ | क्षिरेश्वरनाथ नगरपालिका | धनुषा | मधेश प्रदेश |
| ३ | लक्ष्मीनियाँ गाउँपालिका | धनुषा | मधेश प्रदेश |
| ४ | मुखियापट्टी मुसहरनियाँ गाउँपालिका | धनुषा | मधेश प्रदेश |
| ५ | जनकनन्दनी गाउँपालिका | धनुषा | मधेश प्रदेश |
| ६ | मिर्चैया नगरपालिका | सिरहा | मधेश प्रदेश |
| ७ | सिरहा नगरपालिका | सिरहा | मधेश प्रदेश |
| ८ | राजविराज नगरपालिका | सप्तरी | मधेश प्रदेश |
| ९ | जलेश्वरनाथ नगरपालिका | महोत्तरी | मधेश प्रदेश |
| १० | पिपरा गाउँपालिका | महोत्तरी | मधेश प्रदेश |
| ११ | उर्लाबारी नगरपालिका | मोरङ्ग | कोशी प्रदेश |
| १२ | केराबारी गाउँपालिका | मोरङ्ग | कोशी प्रदेश |
| १३ | कानेपोखरी गाउँपालिका | मोरङ्ग | कोशी प्रदेश |
| १४ | मिक्लाजुङ गाउँपलिका | मोरङ्ग | कोशी प्रदेश |
| १५ | रामधुनी नगरपालिका | सुनसरी | कोशी प्रदेश |
| १६ | मेचीनगर नगरपालिका | झापा | कोशी प्रदेश |
| १७ | कमल गाउँपालिका | झापा | कोशी प्रदेश |
| १८ | कटारी नगरपालिका | उदयपुर | कोशी प्रदेश |
| १९ | सुर्योदय नगरपालिका | ईलाम | कोशी प्रदेश |
| २० | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | खोटाङ | कोशी प्रदेश |

नेपाल सरकार
रोजगार तथा सामाजिक ... कार्यालय
सिंहदरबार, काठ...

अनुसूची-२

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

स्थानीय तहमा नियुक्त हुने कर्मचारी सम्बन्धी विवरण

| क्र. सं. | पदनाम | तह | आवश्यक सख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवारिक परामर्शकर्ता | छ तह | १ जना | -मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड.स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>- सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | रोजगार परामर्शकर्ता | छ तह | १ जना | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।<br>- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| ३ | समाजिक परिचालक (Outreach Worker) | पाँच तह | २ जना (१ जना महिला अनिवार्य) | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको।<br>-स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |




नेपाल सरकार
रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

*(दफा २७ को उपदफा ९ सँग सम्वन्धित)*

## परियोजनाको कोष तथा बजेट प्रवाह




- नेपाल सरकार र विकास साझेदारको श्रोत प्रवाह सम्वन्ध
- कार्यान्वयनसँग सम्वन्धित प्रत्यक्ष नियन्त्रण सम्वन्ध
- सञ्चित कोषबाट रकम प्रवाह सम्वन्ध
- प्रतिवेदन सम्वन्ध
- कार्यान्वयनमा सहजीकरण र सहयोग
- प्राविधिक सहयोग